# गोलार्द्धका दुई छेउ एकाङ्कीको संवाद विश्लेषण

खगेश्वर भट्टराई
उपप्राध्यापक
नेपाली र नेपाली शिक्षा विषय शिक्षण समिति
भोजपुर बहुमुखी क्याम्पस,भोजपुर
Email: bhattaraikhageswar@gmail.com

**Submission:** 25/02/2023 **Revision:** 21/03/2023 **Acceptance:** 05/05/2023

**लेखसार**

प्रस्तुत लेख गोलार्द्धका दुई छेउ एकाङ्कीको संवाद विश्लेषणकेन्द्री रहेको छ । उक्त एकाङ्कीमा पारस्परिक सम्झौता, आलोपालो, विषयको व्यवस्थापन र कथन युग्मको आधारमा संवादको विश्लेषण गरिने यो लेख गुणात्मक अनुसन्धान विधि तथा वर्णनात्मक र विश्लेषणात्मक ढाँचामा तयार भएको छ । भाषिक संरचनाको माथिल्लो एकाइ मानिने संकथनमा संबोधक र संबोधित समक्ष प्रस्तुत भएको कथ्य विषयमा आएका संवाद विश्लेषणका आधार के कसरी निर्धारित हुन्छन् ? भन्ने पक्षका आधारमा पाठको विश्लेषण गर्ने मानक संवाद विश्लेषण हो । प्रस्तुत गोलार्द्धका दुई छेउ एकाङ्कीमा रहेका प्रमुख पात्रका बीच पारस्परिक सम्झौता,क्रिया,प्रतिक्रिया,अनमेल विचार र आफ्नै कथनप्रति स्थिर प्रकृतिको भए पनि अर्काको भावलाई स्वीकार गरी प्रस्तुत भएको छ । संवादका लागि आवश्यकीय आलोपालो प्रक्रियाको उचित ख्याल गरिएको यस एकाङ्कीमा नारी र पुरुष पात्र दुबै सशक्त भूमिकामा रही विषयको व्यवस्थापन अन्तर्गत नेतृत्व लिन सक्षम रहेबको तथा विषय व्यवस्थापनमा समानान्तर शक्तिशााली अवधारणा राख्ने नारी र पुरुष पात्रका बिचको कथन युग्म शक्तिशाली रूपमा मुखरित रहेको निष्कर्ष निकालिएको छ ।

*मुख्य पद :* पारस्परिक सम्झौता, आलोपालो, विषय व्यवस्थापन, कथन युग्म

## १. विषयपरिचय

नेपाली साहित्यका नाटक, कविता र कथाजस्ता विविध विधामा कलम चलाउने गोपाल पराजुली(२००४) मूलतः नाटककारका रूपमा स्थापित छन् । उनका *गोलार्द्धका दुई छेउ* (२०३७) र सडकपछि सडक (२०४६) नाटक सङ्ग्रह प्रकाशित भएका छन् । नाटकमा सीमित पात्रको प्रयोगमार्फत् मानवीय जीवनदर्शनलाई प्रस्तुत गर्ने पराजुलीका नाटकमा युगीन विसङ्गति, सूक्ष्म घटना, झीनो कथावस्तु, सीमित परिवेश, सङ्क्षिप्त र प्रश्नात्मक संवादयोजना, काव्यभाषाको प्रयोगजस्ता प्रवृत्ति पाइन्छन् ।उनको गोलार्द्धका दुई छेउ नामक एकाङ्की यसै नामको एकाङ्की सङ्ग्रह (२०३७) मा प्रथमतः सङ्कलित भई पुनः नेपाली एकाङ्की भाग २ (२०४९) मा पाठ्यसामग्रीका रूपमा समाविष्ट एकाङ्की हो । नेपाली नाट्यपरम्परामा भिन्न आयाम लिएर आएको यस एकाङ्कीमा परस्परमा नगाँसिएका घटनालाई दुई मात्र पात्र लोग्नेमान्छे र आइमाईको परिवेशजन्य संवादबाट व्यवस्थापन गरिएको छ । भाषिक प्रकार्यका रूपमा सङ्कथन संरचनामा रहेका भाषिक एकाइको प्रस्तुतिका आधारमा तिनले निर्माण गर्ने सन्दर्भ, अर्थ, संरचना, प्रकार्यको विश्लेषण गर्ने आधारमध्ये संवाद विश्लेषण एक हो । संवाद विश्लेषणले संकथनात्मक संरचनामा रहेका सहभागीबिच हुने अन्तरक्रियालाई आधार मानी तिनमा विषयको व्यवस्थापन कसरी भएको छ भन्ने पक्षको अध्ययन गर्दछ । संकथनको संवाद विश्लेषण गर्दा संबोधक र संबोधितको पारस्परिक सम्झौता तथा यस अन्तर्गत सहकार्यात्मक वा स्वतन्त्र दृष्टिकोणको अभिव्यञ्जना कसरी भएको छ भन्ने पक्षलाई हेरिन्छ । संवादको संरचना एकालापी,स्वगत कथन, अपवारिक वा जानन्तिक कुन प्रकृतिको छ तथा त्यसमा बोल्ने पात्रको

आलोपालो क्रम कस्तो छ ? भन्ने पक्षका साथै सिङ्गो संकथनमा आएका विषयको व्यवस्थापनलाई संवादले कसरी समेटेको छ तथा प्रकार्यात्मक रूपमा कथनयुग्मको भूमिका के छ भन्ने पक्षको खोजी गर्ने मानक हो । यसलाई आधार मानेर हेर्दा एकाङ्कीमा युद्धको मारबाट आत्तिएको लोग्नेमान्छे जीवनदायी माया पाउन आइमाईसँग तर्क गर्दछ भने सामाजिक मर्यादा र नैतिक बन्धनमा बाँचेकी एउटी विवाहिता आइमाईलाई अर्को लोग्नेमान्छेका लागि माया बाँड्नु सम्भव हुँदैन । ऊ आफ्नो लोग्नेको सत्मा रहन चाहन्छे र लोग्ने नभएको बेला परपुरुष मायाको आग्रहका लागि उपस्थित भएकामा विरोध गर्दछे ।यस एकाङ्कीमा प्रस्तुत भएका दुई सहभागीले मायाका सम्बन्धमा आआफ्नो अभिव्यक्ति प्रकट गरेका छन् । दृष्टिभिन्नताले गर्दा एकाङ्कीमा प्रयुक्त मायातत्व पनि अलग-अलग अर्थमा आएको छ । महिला र पुरुषको मायाप्रतिको फरक धारणाले संवादलाई लम्ब्याएर एकाङ्कीलाई पूर्णता दिइएको छ । संवादबाट अन्तरक्रिया गरी पूर्णता प्राप्त गर्ने साहित्यिक विधा भएकाले यसमा संवादलाई सङ्कथनको सिङ्गो भाषिक उच्चार मानिन्छ । संवाद आफैमा पूर्ण भाषिक एकाइ भएकाले यसलाई पाठ विश्लेषण अन्तरगत राख्न सकिन्छ ।सहभागीले निश्चित उद्देश्यप्राप्तिका लागि गरिने भाषिक कार्यव्यापार संवाद हो । एकाङ्कीमा संवादमार्फत् नै सहभागीले अन्तरक्रिया गर्दछन् । प्रस्तुत एकाङ्कीमा पनि दुई सहभागीको संवादात्मक अन्तरक्रियाले सिङ्गो पाठलाई संरचित बनाउन सहायता गरेको छ ।संवादात्मक सङ्कथनमा संवादलाई व्यवस्थित बनाउन सहभागीबिचको पारस्परिक सम्झौता, आलोपालो, अन्तराल, घुम्ती, सक्रियता र निष्क्रियता, विषय व्यवस्थापन, सहभागी युग्म, विस्तार कथनजस्ता अवयवहरूको आवश्यकता पर्दछ । यस एकाङ्कीमा प्रस्तुत भएका संवादमा पनि यी अवयवहरूको उपस्थिति पाइन्छ ।पराजुलीको यस एकाङ्कीलाई एकाङ्की संरचनाका दृष्टिले विश्लेषण गर्न सकिने भए पनि संवादतत्वकै घनत्व एकाङ्कीमा भएकाले प्रस्तुत अध्ययन पत्रमा गोपाल पराजुलीको *गोलार्द्धका दुई छेउ* एकाङ्कीमा संवाद भन्ने मूल शीर्षकलाई शोध्य समस्या मानिएको छ । मूल शोध्यसमस्यासँग सम्बन्धित भएर आउने समाधेय प्रश्नको समाधानका लागि लेखको आयतन सीमितताका कारण संवाद विश्लेषणका सबै सैद्धान्तिक आधारको उपयोग नगरी एकाङ्कीको संवादमा पारस्परिक सम्झौता,आलोपालो व्यवस्थापन, विषय व्यवस्थापन र कथन युग्मका आधारमा प्रतिनिधि उदाहरणको मात्र विश्लेषण भएको छ ।

**२. समस्याकथन**

प्रस्तुत लेख गोपाल पराजुलीको *गोलार्द्धका दुई छेउ* एकाङ्कीमा संवाद भन्ने मूल शीर्षकमा केन्द्रित छ । यस मूल समस्यासँग सम्बद्ध भएर आउने शोध्यप्रश्नहरू निम्नानुसार रहेका छन् :

क) *गोलार्द्धका दुई छेउ* एकाङ्कीको संवादमा पारस्परिक सम्झौता केकस्तो छ ?

ख) एकाङ्कीमा आलोपालो व्यवस्थापन कसरी भएको छ ?

ग) एकाङ्कीको संवादमा विषय व्यवस्थापन र कथनयुग्मको प्रयोजन के हो ?

समस्याकथनमा मूल शीर्षकसम्बद्ध भएर आएका शोध्यप्रश्नको प्राज्ञिक समाधान प्रस्तुत गर्नु नै यस लेखको उद्देश्य हो ।

**३. अध्ययनविधि**

प्रस्तुत लेख तयार पार्नका लागि पुस्तकालयीय स्रोतबाट सामग्री सङ्कलन गरिएको छ । प्राथमिक अध्ययन सामग्रीका रूपमा गोपाल पराजुलीको *गोलार्द्धका दुई छेउ* एकाङ्कीलाई आधार बनाइएको छ भने सहायक सामग्रीका रूपमा संवाद संरचना र विश्लेषणसम्बद्ध अनुसन्धानमूलक लेखहरू, विभिन्न पाठ्य तथा सन्दर्भपुस्तकलाई उपयोग गरिएको छ । पुस्तकालयीय स्रोतबाट प्राप्त सामग्रीलाई विश्लेषण गरी व्यवस्थापन गर्न गुणात्मक प्रकृतिको सङ्क्षिप्त अनुसन्धान विधिको उपयोग गरिएको छ ।

**४. सैद्धान्तिक अवधारणा**

संवादलाई सङ्कथन अन्तरगतको सिङ्गो भाषिक उच्चार मानिने र यो आफैमा पूर्ण भाषिक एकाइ पनि भएकाले यसलाई पाठ विश्लेषणमा समावेश गरी अध्ययन गर्न सकिन्छ । सहभागीहरूले खास उद्देश्यप्राप्तिका लागि सम्पादन गर्ने भाषिक कार्यव्यापारको शृङ्खला सम्वाद भएकाले यसको निश्चित गन्तव्य हुने गर्दछ। संवादमा साहित्यिक र गैरसाहित्यिक दुवै भाषिक अभिव्यक्तिको प्रतिनिधित्व रहने गर्दछ । खास गरी साहित्यका नाटक, उपन्यास र कथा विधामा संवादको उपस्थिति रहने भए पनि नाटक र एकाङ्की संवादको सघन उपस्थिति भएका विधा हुन् । साहित्यका उल्लिखित विधामा समाविष्ट हुने संवादको विश्लेषणका लागि निश्चित सैद्धान्तिक आधारको आवश्यकता पर्दछ। संवादका संरचक अवयवलाई नै संवाद विश्लेषणका सैद्धान्तिक आधार मानिएको छ। सङ्कथन विश्लेषणका सिलसिलामा साहित्यिक पाठका संवादलाई उपयोग गर्न सकिन्छ। साहित्यिक पाठमा समाविष्ट भएका संवादलाई विश्लेषण गर्ने आधारका रूपमा गौतमले पात्रबिचको पारस्परिक सम्झौता, आलोपालो, अन्तराल, घुम्ती, सक्रियता र निष्क्रियता, विषय व्यवस्थापन, सहभागी युग्म र विस्तार कथनजस्ता आधारको उल्लेख गरेका छन् ( गौतम,२०६९, पृ.४८-५४) । संवाद दुईभन्दा बढी व्यक्तिको सहभागितामा सम्पन्न हुने तार्किक अन्तरक्रिया भएकाले सहभागीका बीच सम्झौता हुनु पर्ने, एउटा सहभागीले बोलेपछि अर्को सहभागीको बोल्ने पालो आउनुपर्ने,संवादमा पालो ग्रहणका क्रममा लाग्ने समयको अडान रहनुपर्ने, संवादमा आएका सहभागी समान रूपमा सक्रिय नहुने अवस्था जस्ता विषयलाई यस आधारले प्रस्तुत गरेको छ ।

संवादात्मक सङ्कथनमा वक्ता र श्रोताको अभिवृत्तिका बीचमा सम्झौता हुने गर्दछ । संवादमा वक्ताले अभिव्यक्त गरेको कुराको अर्थ लगाउने, व्याख्या गर्ने र आशय ठम्याएर सोहीअनुसार आफूलाई पनि सक्रिय बनाउने गर्दछ। यस क्रममा वक्ता र श्रोताले सूचनाको विनिमय गर्ने र एकआपसमा सन्दर्भको व्यापकतासहित प्रस्तुत हुने अवस्था आउँछ । संवादात्मक पाठ विश्लेषणका क्रममा उपयोग गरिने अवयवहरूमा पारस्परिक सम्झौता, आलोपालो, संवादमा अन्तराल, मोड, संवादमा सहभागिता, संवादमा नेतृत्व र विषय व्यवस्थापन, संवादमा कथन युग्म, सङ्कथन रुटिन, विस्तार कथन महत्त्वपूर्ण प्रक्रिया हो । संवादात्मक सङ्कथन विश्लेषणका लागि प्रस्तुत भएको यस दृष्टिकोणले सिङ्गो संवादात्मक भाषिक संरचना निर्माणमा यी तत्त्वको उपस्थितिलाई जोड दिएको छ । संवादात्मक पाठ विश्लेषणका लागि सहभागीका बीच मिल्दो र परस्पर रुचिको विषय हुनु पर्ने, संवादका क्रममा सहभागीको भूमिका फेरिने, संवादात्मक प्रक्रिया सम्पादनका क्रममा सहभागी बीच समयको अन्तराल रहने, संवादका क्रममा सहभागीले तीनवटा घुम्ती वा मोड पार गर्नु पर्ने,संवादमा सहभागीहरूबिच विषय व्यवस्थापनका क्रममा सक्रिय र निष्क्रिय भूमिका रहने,संवादमा कुनै एक सहभागीले सक्रियतापूर्वक नेतृत्व लिनु पर्ने,संवादात्मक अभिव्यक्तिमा सहभागीका बीच सामिप्यता हुनु पर्ने,संवादलाई सार्थक सहभागीका बीच अभिव्यक्तिगत निरन्तरताको अन्तरसूत्र कायम रहनु पर्ने पक्षलाई यसले प्रष्ट पारेको छ। संवादमा चारित्रीकरणका साथै त्यसमा रहने अन्तराललले संरचनात्मक सम्बन्धलाई सरल वा जटिल बनाउने हुँदा आलापालो व्यवस्थापन संवादको निर्माणका लागि महत्त्वपूर्ण पक्ष हो (ह्यालिडे र म्याथिसेन, सन् २००४, पृ.५३६) । यस दृष्टिकोणले नाटकमा संवादले चरित्रको उपस्थापन र त्यसका माध्यमबाट आलोपालो व्यवस्थापनको आवश्यकतालाई जोड दिएको छ ।

सहभागीहरूले आफ्नो संवादलाई सफल बनाउन र आफूले संवादमार्फत केही योगदान गरिरहेको छु भन्ने ठान्न र सँगसँगै यसबाट आफू केही कुरा प्राप्त गरिरहेको छु भन्ने अनुभव गर्न आवश्यक भएकाले यस्तो प्रकारको स्थिति निर्माण गर्न कुराकानीको आनुक्रमिक एकाइ पालो ग्रहण,निकटस्थ युग्म,अभीप्साको धारणा,कुराकानीका तत्वोक्ति,जस्ता विषयले संवादात्मक सङ्कथनलाई संरचित बनाउने धारणा घिमिरेले प्रस्तुत गरेका छन् (घिमिरे, २०६९, पृ.८६-८७) । संवादात्मक सङ्कथनलाई व्यवस्थित संरचनामा आबद्ध बनाउन वक्ता, श्रोता र विषयवस्तुले प्रभाव पार्ने र त्यसमा संवादका नियमलाई पालना गर्ने आलोपालो व्यवस्था,सहभागी युग्म, सान्दर्भिक शर्त, शीर्षक व्यवस्थापन, अनुक्रमको विस्तारजस्ता पक्ष महत्वपूर्ण हुने गर्दछ (फ्लावरडयू, सन् २०१३,

पृ. ११८-१२९) । संवाद आपसी अन्तर्क्रिया भएको र यो आपसी समझदारीमा नै सम्पन्न हुने क्रिया भएकाले संवाद संरचनामा सूचनाको विनिमय हुने, विषय व्यवस्थापन हुने साथै सहभागीले आफ्ना कथनमा सामीप्यता ल्याएर मात्र संवाद सार्थक हुने गर्दछ (म्याकार्थी, सन् १९९१ पृ. ११८-१३०) । संवादात्मक सङ्कथन संरचनाका सम्बन्धमा आएका यी दुई मान्यताले पनि संवादमा उपस्थित हुनु पर्ने आधारभूत मान्यतालाई प्रस्तुत गरेका छन् । संवाद संरचनामा आलोपालो,सहभागीले रुचाइएको विषय,संवादमा क्रमबद्धता,शीर्षक व्यवस्थापन र परिवर्तन समेटिनु पर्ने कुरालाई म्याकोलमले उल्लेख गरेका छन् (म्याक्लम, सन् २००७, पृ.४६०-४८०) । संवादात्मक सङ्कथनको संरचनामा आउने यस्ता अवयवहरू नै संवादात्मक सङ्कथन विश्लेषणका लागि उपयोगी सैद्धान्तिक आधार बन्न सक्छन् । प्रस्तुत लेखमा मूल शोध्य समस्यासम्बद्ध प्रश्नको समाधानका लागि पराजुलीको गोलार्द्धका दुई छेउ एकाङ्कीको संवाद विश्लेषण गर्न यिनै पूर्वस्थापित सैद्धान्तिक मानकको आधार लिइएको छ भने यस सैद्धान्तिक पर्याधारका आधारमा निम्न विश्लेषण ढाँचाको उपयोग भएको छ ।

| क. सं | शोधसमस्या | विश्लेषणको ढाँचा |
|---|---|---|
| १ | गोलार्द्धका दुई छेउ एकाङ्कीमा संवाद | संवादमा पारस्परिक सम्झौता<br>आलोपालो व्यवस्थापन<br>विषय व्यवस्थापन |

यस विश्लेषण ढाँचाका आधारमा उपर्युक्त एकाङ्कीको विवेचना निम्नानुसार गरिएको छ ।

**५. सामग्री विश्लेषण:प्राप्ति तथा छलफल**

संवादात्मक सङ्कथनको एक प्रकारमा एकाङ्की पनि पर्दछ । एकाङ्कीमा सहभागीहरू उपस्थित भएर अन्तरक्रिया गर्दछन् ।अन्तरक्रिया सोद्देश्यपूर्ण हुनका लागि सहभागीबाट केही आधारभूत शर्तको पालना हुनु पर्दछ ।यस लेखमा मूल समस्या मानिएको गोपाल पराजुलीको गोलार्द्धका दुई छेउ एकाङ्कीमा प्रस्तुत भएका संवादमा संवादका संरचक अवयवहरूको कसरी उपस्थिति भएको छ भनी निम्न प्रकरणहरूमा विश्लेषण गरिएको छ ।

**५.१ एकाङ्कीमा पारस्परिक सम्झौता**

संवादात्मक सङ्कथनलाई सोद्देश्यपूर्ण बनाउनका लागि सहभागीका बीचमा समन्वय,सहयोग सम्झौता र आत्मीयताको आवश्यकता पर्दछ । संवादात्मक सङ्कथनको पारस्परिक सम्झौतामा वक्ताको आशय र अभिप्राय श्रोताले सुन्दै जाने र त्यसप्रति आफ्नो सहमति वा असहमतिको धारणा बनाउने प्रक्रिया सम्पन्न हुने गर्दछ । गौतमले यस प्रक्रियालाई सहभागीका बीचमा निरन्तर हुने पारस्परिक सहयोग र समभावका प्रयासका रूपमा उल्लेख गरेका छन् (गौतम, २०६९, पृ.४८) । सहभागीले पारस्परिक रूपमा विचार विनिमयको दिशा र उद्देश्य पक्रदै संवादलाई अगाडि बढाउनु पर्ने आवश्यकतालाई यस मान्यताले जोड दिन्छ । यस एकाङ्कीमा सहभागीबीचको पारस्परिक सम्झौता निम्नलिखित उद्धरणमा प्रस्तुत भएको छ :

लोग्नेमान्छे : म भित्र पस्न सक्छु ?
आइमाई : ढोका खुल्ला रहेको छ ।
लोग्नेमान्छे : म यो ढोकाबाट(छातीमा देखाएर) त्यो ढोकामा बस्न खोजिरहेछु,त्यो खुल्ला छ ?
आइमाई : यसको मतलब ?
लोग्नेमान्छे : यसको मतलब म तिमीभित्र बास चाहन्छु ।
आइमाई : बास त तिमी बाहिरै पनि त बस्न सक्छौ ।
लोग्नेमान्छे : बाहिर कोलाहल छ,भित्र म त्यो पाउँछु कि......
आइमाई : के पाउने आशा गर्छौ ?
लोग्नेमान्छे : अलिकति शान्ति र अलिकति.......
आइमाई :अलिकति के ?

लोग्नेमान्छे : अलिकति के दिन सक्छयौ तिमी ?
आइमाई : के चाहिएको छ तिमीलाई ?
लोग्नेमान्छे : अलिकति माया ।
(पराजुली, २०५५, पृ. १२५) ।

माथि दिइएको संवाद १ मा सहभागीका रूपमा लोग्नेमान्छे र आइमाईमान्छे आएका छन् ।सहभागी वक्ताका रूपमा पहिले लोग्नेमान्छेले प्रश्नोत्तरात्मक शैलीमा संवादको थालनी गरेको छ । अन्तरक्रियाका सन्दर्भमा श्रोता आइमाईले आफ्नो आशय बुझेको छ भन्ने सम्झेर लोग्नेमान्छेले विषयको उठान गरेको छ । म भित्र पस्न सक्छु भन्ने उसको अभिव्यक्तिको आशय श्रोता सहभागी आइमाई मान्छेले बुझेर ऊ आश्रय खोज्न नै मेरो घरमा आयो भन्ने ठानी ढोका खुल्ला रहेको जनाउ दिन्छे । घरमा मात्र होइन मनमा बास बस्न खोजेको आशयको लोग्नेमान्छेको अभिव्यक्तिलाई आइमाईले नबुझेझैँ प्रतिप्रश्न गरे पनि प्रकारान्तरबाट श्रोता आइमाईले वक्ताको खोलुवा व्याख्याबाट स्वीकारोक्ति प्रकट गरेकी छ ।यहाँ आफ्नो आशय श्रोतालाई बुझाउन वक्ताले सङ्केतको प्रयोग गरेको छ,जसले ऊ घरभित्र मात्र होइन युवतीको मनमा बास खोजिरहेछ भन्ने आशय सँगसँगै प्रकट भएको छ । आफ्नो छातीतर्फ सङ्केत गर्दै त्यसलाई मायाको दुनियाँमा प्रवेश गर्ने ढोका ठानी यो ढोकाबाट त्यो ढोकामा प्रवेश गर्न चाहने सङ्केतसहितको लोग्नेमान्छेको अभिव्यक्तिमा श्रोता आइमाईलाई छातीभित्र हृदय हुन्छ,त्यहाँ माया र सद्भाव सञ्चित हुन्छ भन्ने सांस्कृतिक पूर्वज्ञान छ भन्ने अनुमान रहेको छ ।त्यो सङ्केतलाई बुझेर नै आइमाई मान्छेले संवादलाई अन्तरक्रियात्मक बनाउँदै निरन्तरता दिन यसको मतलब के हो ? भन्ने प्रतिप्रश्न गरेकी छ ।आइमाई मान्छेको प्रश्नको जवाफ दिने क्रममा लोग्नेमान्छेले तिम्रो मनभित्र बास चाहन्छु भन्ने जवाफ दिएको छ । बास त बाहिर पनि बस्न सकिने युवतीको जवाफमा बाहिर कोलाहल छ, भित्र त्यो म पाउँछु कि भन्ने लोग्नेमान्छेको अभिव्यक्तिले मनभित्र बास खोजेको आशय प्रकट भएको छ । वक्ता सहभागी लोग्नेमान्छेले स्पष्ट रूपमा भन्न नसके पनि अन्तरक्रियाका क्रममा उसले प्रकट गरेका अभिव्यक्तिले युवतीको मनभित्र नै बास खोजेको हो भन्ने अर्थनिर्धारण हुन्छ । संवादलाई सार्थक परिणाममुखी बनाउन वक्ता र श्रोताको अभिवृत्तिका बीचमा सम्झौता हुनुपर्दछ (गौतम, २०६८, पृ. ४७९) । संवादमा अन्तर्सहयोगको माध्यमबाट सङ्कथन संयोजन हुने कुरामा उनले जोड दिएको पाइन्छ । संवादात्मक सङ्कथन संरचनामा वक्ता र श्रोताबीच सोझो सम्झौता नभए पनि श्रोताबाट वक्ताको अभिवृत्तिको अर्थ गराइ, व्याख्या वा प्रस्तुतिमा आशयको सान्निध्य रहने विषयको प्रस्तुति निम्न उद्धरणले प्रस्तुत गरेको छ :

आइमाई :(सम्झन्छे) माया मुटुको स्वच्छन्दतामा मात्रै होइन मस्तिष्कको विवेकमा पनि चल्छ । एउटाको हातको सिंदूर थापेर म अर्कोलाई माया टक्र्याउन सक्दिनँ ।
लोग्नेमान्छे : माया तिमीले लोग्नेलाई मात्र दिए पुग्छ ? माया तिम्रो 'क्लोजेट'हो,जो बन्दमात्र गरे हुन्छ ?
आइमाई : भन अब माया मैले कसकसलाई दिन सक्नुपर्छ ? के के नामकालाई,अनुहारकालाई दिनुपर्छ,भन अब म कुन ढोकाबाट खुल्नुपर्छ ?
लोग्नेमान्छे : माया तिमीले मलाई दिन सक्नुपर्छ । एउटा यात्रुलाई दिन सक्नुपर्छ । एउटा भरियालाई दिन सक्नुपर्छ । माया तिमीले यहाँ कसैलाई पनि दिन सक्नुपर्छ । यदि माया सार्वभौम छ भने । यदि तिमीसित माया छ भनेर म आएको छु भने (ऐ. पृ. १३५) ।

यस संवादको थालनीमा आइमाईले माया मुटुको स्वच्छन्दतामा मात्रै चल्ने विषय नभई मस्तिष्कको विवेकमा पनि चल्ने भएकाले र अर्केको हातको सिंदूर थापेकाले बटुवाको मायाको याचनालाई अस्वीकार गर्दछे । अनेक तर्क वितर्क गरेर आइमाईको माया पाउन लालायित भएको बटुवालाई सिंदूर पहिरेको सांस्कृतिक बन्धन देखाएर आइमाई तर्कन खोज्दछ । माया जस्तो सार्वभौम भावनात्मक एकत्वको कुरालाई सिंदूरको बन्धनमा सीमित गर्न नहुने लोग्नेमान्छेको अर्थ गराइ छ । सिंदूर पहिरेको लोग्नेमा मात्र सीमित गरेमा त्यो माया दराजमा बन्द

गरेको सामग्री जस्तो हुने तर्क गर्दै उदारता देखाउन सहभागी लोग्नेमान्छेले मायाको व्याख्या गरेर संवादलाई अघि बढाउन खोजेको छ । लोग्नेमान्छेको अभिवृत्तिलाई आइमाईले यहाँ व्याख्याबाट बुझ्दै थप संवादका सिलसिलामा सहभागी भएकी छ । यस क्रममा आइमाईले अब माया कसकसलाई दिनुपर्छ,कुनकुन अनुहारकालाई दिनुपर्छ,कुनकुन नामकालाई दिनुपर्छ,कुन ढोकाबाट खुल्नुपर्छ भनी प्रतिप्रश्न गरेकी छ । यो अवस्थामा आइमाईलाई ल्याएर थप अन्तरक्रियामा सहभागी गराउन लोग्नेमान्छेको मायासम्बन्धी अर्थगराइ र व्याख्या कारक रहेको छ । यसले माया सिंदूर पहिरेको लोग्नेमा मात्र सीमित हुने विषय नभई सार्वभौम विषय हो भन्ने वक्ताको आशय प्रकट भएको छ । यो आशयको प्रकटीकरणका लागि एकाङ्कीको संवादमा सहभागी भएका आइमाई र लोग्नेमान्छेका बीच सहज प्रकृतिको संवादात्मक सहकार्य भएको छ । यसका अतिरिक्त यस एकाङ्कीमा संवादात्मक सम्झौता प्रस्तुति निम्न नाटचांशमा भएको छ :

आइमाई- माया मेरो कमाण्डमा चल्छ ।
लोग्नेमान्छे- तिम्रो कमाण्डमा लोग्नेले माया पाउन सक्दैन ?
आइमाई- भिक्षा पाउन सक्छ ।
लोग्नेमान्छे- तिम्रो कमाण्डमा बिरामीले माया पाउन सक्दैन ?
आइमाई- औषधि पाउन सक्छ ।
लोग्नेमान्छे- म भिक्षा थापिरहेछु ।
आइमाई - तर तिमी माग्ने होइनौ ।
लोग्नेमान्छे- म मर्न लागिरहेछु ।
आइमाई- तर तिमी बिरामी छैनौ ।
लोग्नेमान्छे- म मान्छे पनि हैन ?
आइमाई- तिमीभित्र मान्छे नहुन पनि सक्छ ।
लोग्नेमान्छे- मान्छे भोकाउन सक्दैन ?
आइमाई- भोकाएको अभिनय गर्न पनि सक्छ (ऐ.पृ.१३४-१३५) ।

वक्ताले बोल्ने र वक्ताको आशयअनुरूप श्रोताले पुनःवक्ताका रूपमा उपस्थित भई विषयलाई व्यतिक्रमिक नभई क्रमिक ढाँचामा प्रस्तुत गरेको छ ।सर्वप्रथम आइमाई चरित्रले मायाका लागि कमाण्ड होइन सम्झौताको आवश्यकताको बोध गराएपछि पुरुष पात्रले नारी पात्रलाई लोग्नेको कमाण्डले माया पाइदैन भने स्वास्नीको कमाण्डले लोग्नेबाट माया प्राप्त गर्ने आधार कसरी मिल्दछ ? भन्ने प्रतिप्रश्न गरेको छ । नारी पात्रका विचारमा पुरुषले नारीबाट माया माया प्राप्त गर्नुको तात्पर्य भिक्षा मात्र हो भने बिरामीले नर्सबाट प्राप्त गर्ने माया पनि भिक्षा नै हो । यस प्रकारको माया बनावटी हुन्छ र निश्चित प्रयोजन पूरा गरेपछि त्यसको कुनै औचित्य रहदैन भन्ने निष्कर्ष अर्थात सम्झौतालाई यस नाटचांशले प्रस्तुत गरेको छ । प्रस्तुत उद्धरणमा आइमाई र लोग्नेमान्छेका रूपमा संवाद गरिरहेका वक्ता र श्रोताबिचको पारस्परिक सम्झौता नियमित प्रक्रियामा संरचित रहेको छ । जसमा वक्ताको आशयलाई श्रोताले सुन्दै त्यसप्रति आफ्नो सहमति वा असहमतिको प्रकटीकरणका साथ संवाद अघि बढेको छ ।

**५.२ आलोपालो**

संवादमा सहभागी हुने पक्षको पालो ग्रहणको प्रक्रियालाई आलोपालो भनिन्छ । पालो परिवर्तनले कथनको दिशा वा प्रवाहलाई परिवर्तन गर्ने र यसले संवादको स्वभाविक प्रयोगलाई बढोत्तरी गर्ने सन्दर्भ आचार्यले उल्लेख गरेका छन् (आचार्य, २०६८, पृ.५४६) । संवादका क्रममा सहभागीले एकैपटक बोल्दैनन्,एउटा वक्ताले बोलेपछि अर्को सहभागीले बोल्ने पालो आउँछ । एउटा सहभागीले बोलिसकेको निश्चित अन्तरालपछि अर्को सहभागीले पालो ग्रहण गरी संवादलाई गति दिन्छ । प्रस्तुत गोलार्द्धका दुई छेउ एकाङ्कीमा पनि सहभागीका बीचको आलोपालो

व्यवस्था पाइन्छ । संवादमा पारस्परिक सम्झौता पनि हुने भएकाले पालो ग्रहण महत्वपूर्ण मानिन्छ । एकाङ्कीमा प्रस्तुत भएका केही उदाहरणबाट पालो ग्रहणको प्रक्रियालाई हेर्न सकिन्छ ।

आइमाई :अब तिमी जाऊ ।

लोग्नेमान्छे : नजाने सल्लाहहरू पनि छन् मसित ।

आइमाई : मलाई भात बसाल्ने बेला भो ।

लोग्नेमान्छे : मलाई बसाल्ने बेला भएको छ कि छैन ?

आइमाई : तिम्रो विश्व मेरो छाप्रोमा अट्न सक्दैन ।

लोग्नेमान्छे : छाप्रोलाई विश्वमा अटाए पनि हुन्छ ।

आइमाई : म लोग्नेमा मिलिसकेको छु। एकाकार भैसकेको छु। अब मलाई कसैमा अटाइरहने आवश्यकता छैन ।

लोग्नेमान्छे : यो हठ कताबाट आयो ?

आइमाई : वेदका ऋचा र जग्गेका धूँवाहरूबाट आयो । मेरा अनन्त इच्छा र कामनाका स्रोतहरूबाट फुट्यो ।

लोग्नेमान्छे : तिम्रो लोग्नेले तिमीलाई छोडिसकेको हुन सक्छ ।

आइमाई : उसले मेरो लगनगाँठो समातिरहेको छ ।

(पराजुली.पृ.१३७) ।

माथि प्रयुक्त संवादमा पालो ग्रहण प्रष्ट रूपमा आएको छ। सहभागीका रूपमा आएकी आइमाईले पहिलो संवादको आरम्भ गरेकी छ । उसले अब तिमी जाऊ भनेर लोग्नेमान्छेलाई सम्बोधन गर्दै विषयलाई अगाडि बढाएकी छ। लोग्नेमान्छे आफूसँग नजाने पनि सल्लाह छन् भनेर त्यहीँ बस्ने आग्रहलाई निरन्तरता दिन चाहन्छ । यही प्रकरणमा संवाद अघि बढेको छ । यसमा दुई जना मात्र सहभागी छन् । उनीहरूले पालैपालो आफ्नो संवादात्मक भूमिका निर्वाह गरिरहेका छन् । वक्ता आइमाईले,त्यसपछि लोग्नेमान्छेले अभिव्यक्ति राख्दै एवं प्रकारले सहभागीबाट पालो ग्रहणको प्रक्रिया सम्पन्न भएको छ । एकाङ्कीको प्रस्तुत संवाद अंशमा आइमाई सहभागीको पालो छ पटक आएको छ भने लोग्नेमान्छे सहभागी पाँच पटक पालोमा आएको छ । आलोपालोमा वक्ताहरूको भूमिका छिनछिनमा फेरिन्छ। संवादमा आलोपालोको निर्धारण विषय र परिवेशले गर्दछ ।यहाँ लोग्नेको प्रेममा मात्र अडिग रहने युवतीलाई त्यो साँघुरो घेराबाट मुक्त गराउने लोग्नेमान्छेको प्रयास रहेको छ । आफू लोग्नेको प्रेममा सांस्कृतिक रूपले पनि एकाकार भइसकेकाले अर्को पुरुषलाई माया दिन नसक्ने बाध्यता आइमाईले सुनाउँछे । सांस्कृतिक सन्दर्भलाई प्रतिनिधित्व गर्ने वेदका ऋचा,जग्गेका धूँवाले आफूलाई पतिव्रताका रूपमा स्थापित गरेको अर्थनिर्धारण आइमाईको अभिव्यक्तिबाट भएको छ । तिम्रो लोग्नेले तिमीलाई छोडिसकेको हुन सक्छ भनेर लोग्नेमान्छेले सन्देह प्रकट गर्दा पनि आइमाई आफ्नो लोग्नेले लगनगाँठो पक्रिरहेको तर्क गर्छे । यस संवादमा सहभागीका बीच संवादमा तत्परता र सक्रियतासँगै सांस्कृतिक सन्दर्भ पनि समेटिएर आएको छ ।

सङ्कथनपरक संवादमा संवादको स्वभाविक प्रयोगबाट नै आशयलाई प्रष्ट पार्न सकिन्छ।आशयलाई प्रष्ट पार्न संवादमा आलोपालोको व्यवस्थापन निश्चित प्रकृतिको विराम र सन्दर्भले निर्धारण गर्दछ ।यस एकाङ्कीमा आएका संवादमा क्रमबद्धता, आलोपालोको निर्धारण प्रष्ट छ। जसले संवादलाई प्रभावकारी बनाएको पाइन्छ । यसलाई एकाङ्कीको निम्न अंशमार्फत प्रस्तुत गर्न सकिन्छ :

लोग्नेमान्छे : तिमी मान्छेको माया मान्छेलाई फिर्ता देऊ । तिमी धर्तीमा माया स्थापित गर । म युद्धको कात्रो ओडेर बाँच्न सक्दिनँ ।

आइमाई : मेरो लोग्ने युद्धमा गएका छन्,तिमी युद्धलाई घृणा गर्न सक्दैनौ ।

लोग्नेमान्छे : तिम्रो लोग्नेले अब सारा हतियार फुकालेर युद्धभूमिमा गाडिसकेको छ । अब तिम्रो लोग्ने पनि निरस्त्रीकरण भैसकेको छ । ऊ कुनै बेला यहाँ फर्कन सक्छ । (आइमाई बोल्न खोज्छे तर यात्रु छिटो थप्छ) म शान्तिसित मित्रता,प्रेमसित विवाह र तिमीसित प्रेम गर्छु र तिम्रो छाप्रोमा बास माग्नुअघि म तिम्रो छातीमा प्रेम प्रक्षेपण गर्छु ।

(यात्रुको नयाँ स्वरले आइमाई झस्का पसेजस्तो सरङ्ग हुन्छे । ऊ यात्रुलाई एकोहोरोसित हेर्छे,हेरिरहन्छे ।आवेगमा माथि उक्लन्छे र १७ वर्ष अघिदेखि झुण्डयाइराखेको एउटा तस्वीर ल्याउँछे । ऊ पाली तस्वीर र पालो यात्रु हेर्दै जान्छे ) । (ऐ. पृ.१४६) ।

माथिको संवाद अंश एकाङ्कीको समापनमा आएको छ । एकाङ्कीको आरम्भमा लोग्नेमान्छे सहभागीले आइमाईको माया पाउन गरेको आग्रहका बारेमा नै सिलसिलाबद्ध संवाद हुँदै एकाङ्कीको समापन भएको छ ।यहाँ पनि लोग्नेमान्छेले मान्छेको माया मान्छेलाई फिर्ता देऊ भनेर आग्रह गर्दा आइमाईले युद्धको प्रसङ्ग निकाले पनि अन्ततः पुरुषको आग्रहलाई स्वीकार गर्ने अवस्थामा पुगेकी छ । माया पाउने आग्रहबाट थालनी भएको दुई सहभागीका बीचको अन्तरक्रिया क्रमबद्ध भएर निष्कर्षमा पुगेको छ ।

संवाद संरचनाका लागि आवश्यक पर्ने दुई वक्ताबीचको संवादमा हुने आलोपालो अभिव्यक्तिको निर्वाहलाई निम्न नाटचांशले प्रस्तुत गरेको छ :

आइमाई- एक गिलास पानीमा प्रेमको सिफारिस नखोज । (हाँस्छे)

लोग्नेमान्छे - तिमी हाँस्यौ ।

आइमाई - तिमीले हँसाउन सकेर होइन ।

लोग्नेमान्छे - म तिमीलाई रुवाउन आएको हाइन ।

आइमाई - मैले परेला पानीले भिजाएको पनि छैन ।

लोग्नेमान्छे - म सृष्टिमा सार्थकता ल्याउन आएको छु ।

आइमाई - तिमी कुन बेलादेखि दार्शनिक भयौ?

लोग्नेमान्छे - तिमीले बनाएको बेलादेखि होइन । (हेराहेर गर्छन् मानौं उनीहरूको भेट भर्खर भएको छ)

आइमाई - सृष्टिमा सार्थकता ल्याउन भन्यौ ?

लोग्नेमान्छे - प्रेममा सार्थकता ल्याउँन पनि भनें ।

आइमाई - प्रेम नै छैन यो सृष्टिमा ?

लोग्नेमान्छे - प्रेम छ तर त्यो प्रमाणित भएको छैन ।

आइमाई - यहाँ म छु,मेरो लोग्ने छ र यहाँ प्रेम पनि छ (ऐ. पृ. १३८) ।

यस उद्धरणमा संवादको आरम्भ गर्ने नारी पात्रले प्रस्तुत गरेका विषयलाई उत्तरदाताको रूपमा दोश्रो वक्ताका रूपमा आएको पुरुषले सन्तुलित र सम्यक प्रतिउत्तर दिई संवादमा आलोपालोको प्रक्रियालाई निरन्तरता दिएको छ ।दुई पात्र मात्र रहेको यस एकाङ्कीमा एकालापी कथन वा एकै पात्रको कथनको पुनरावृत्ति नभई एउटै विषयका बारेमा भएका निरन्तरको संवाद र त्यसमा पात्र एक र पात्र दुइको समानान्तर भूमिका प्रस्तुत गर्ने यस उद्धरणले संवादमा आलोपालोको मान्यतालाई पुष्टि गरेको छ । मानवीय भाव र त्यसको प्रस्तुतिको क्रममा आएको रति सम्बन्धी दृष्टिकोण फरक रहे पनि यी पात्रका बीचको संवाद सोपानक्रममा प्रस्तुत भएको छ । दुई फरक दृष्टिकोण बिच रहने द्वन्द्वको प्रस्तुति भए पनि आआफ्ना तर्कमा स्थिर रहने पात्रको अभिव्यक्तिले नाटकमा आलोपालो संवाद व्यवस्थाका कोणबाट व्यवस्थित नाटचसंयोजन भएको कृतिमा स्थापित गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ ।

**५.३ विषय व्यवस्थापन र कथनयुग्म**

संवादमा संलग्न सहभागीहरू सबैले विषयको व्यवस्थापन गरी नेतृत्व लिन सक्दैनन् । संवादात्मक सङ्कथनमा संलग्नमध्ये कुनै एक सहभागीले सक्रियतापूर्वक विषयको नेतृत्व लिई संवादलाई निरन्तरता दिने गर्दछ । संवादमा क्रममा मुख्य विचारलाई एउटा सहभागीले उठान गरेपछि त्यस सम्बन्धमा क्रिया प्रतिक्रिया व्यक्त गर्न अन्य सहभागी आउँछन् । यस एकाङ्कीमा पनि विषय व्यवस्थापनका लागि सहभागीको सक्रियता र निष्क्रियताको अवस्था विद्यमान छ । जसलाई एकाङ्कीमा समावेश निम्न उदाहरणबाट हेर्न सकिन्छ :

लोग्नेमान्छे : म तिमीलाई मायाको बात लाउन तयार छु ।

आइमाई : यहाँ माया निषिद्ध छ ।

लोग्नेमान्छे : हरेकले हरेकलाई माया गर ।

आइमाई : तिमी मलाई प्रेमको इन्जेक्सन दिन आएको ?

लोग्नेमान्छे : म युद्धको इन्जेक्शन दिन आएको होइन ।

आइमाई : तिमीसित मायाका दुई -चारवटा क्याप्सुल र टचाबलेटहरू पनि छन् ?

लोग्नेमान्छे : मसित मायाका दुई-चारवटा मुटु र मान्छेहरू पनि छन् ।

(ऐ.पृ. १३७) ।

यस संवादात्मक सङ्कथनमा लोग्नेमान्छे र आइमाई पालैपालो वक्ता र श्रोताको भूमिकामा छन् ।लोग्नेमान्छेले आइमाईलाई मायाको बात लाउन तयार छु भन्दा माया यहाँ निषिद्ध छ भनेर आइमाईले संवादमा अरुचि देखाएकी छ । लोग्नेमान्छेको माया प्राप्तिको आग्रहलाई आइमाईले इन्कार गरेको अवस्थामा पनि लोग्नेमान्छेले हरेकले हरेकलाई माया गर भनेर आइमाईलाई आश्वस्त तुल्याउन खोज्छ ।युद्धबाट आक्रान्त भएर मायाको खोजीमा निस्केको लोग्नेमान्छेले एकाङ्कीको आरम्भमा नै मायाको प्रसङ्गबाट विषयको थालनी गरी त्यसलाई अन्तरक्रियात्मक बनाउन नेतृत्व लिएको छ । संवादमा अवरोधको स्थिति आउन नदिन लोग्नेमान्छेले मायाका शाश्वत पक्षमा अनेकन तर्क वितर्क प्रस्तुत गरेको छ । विषय व्यवस्थापनका क्रममा आइमाईले लोग्नेमान्छेको विचारप्रति यहाँ प्रतिवादात्मक अभिव्यक्ति दिए पनि संवादलाई निरन्तरता दिन लोग्नेमान्छे सक्षम भएको छ । यसका अतिरिक्त विषय व्यवस्थपनसँगै कथनय'मको व्यवस्थापन पनि यस एकाङ्कीको सबल पक्ष बनेको छ ।

संवादात्मक सङ्कथनमा सहभागीहरूले प्रयोग गरेको अभिव्यक्तिमा सामीप्यता भएमा मात्र विषय व्यवस्थापन सबल भई संवाद निष्कर्षमा पुग्दछ । विचारलाई निरन्तरता दिन अभिव्यक्तिमा शृङ्खला हुनु पर्दछ । सहभागीका बीचको सङ्कथन सामीप्य नै कथन युग्म हो ,यसलाई सहभागी युग्म भन्ने गरिन्छ (गौतम, २०६९, पृ. ५३) । संवादात्मक सङ्कथनमा पालो ग्रहणका क्रममा सहभागीका बीच कथन युग्मको अवस्था निर्धारण हुने गर्दछ ।यस एकाङ्कीमा पनि सहभागीका बीच पालो ग्रहणका क्रममा विचारका बिच निकटता आएको देखिन्छ । जसलाई एकाङ्कीको उदाहरणबाट हेर्न सकिन्छ :

लोग्नेमान्छे : संसार बिहेको जग्गे होइन,जहाँ लोग्ने र स्वास्नी भए मात्र पुग्छ ।

आइमाई : विवाह कुनै फ्याक्ट्री होइन जसले मान्छेलाई लोग्ने-स्वास्नी बनाउँछ,प्रेम बनाउँदैन ।हामीले पनि संसारलाई माया गर्न जानेका छौं ।

लोग्नेमान्छे :संसार भनेको भूगोलको कक्षामा राखिएको ग्लोब होइन । संसार भनेको तिम्रो लोग्नेले चढेर गएको प्लेनपछाडि छैन । संसार भनेको म हुँ । खोइ,मलाई माया गर ।

आइमाईःएकचोटि तिम्री स्वास्नीलाई गएर सोध,माया भनेको कुरो कसलाई दिनुपर्छ । यदि तिम्री स्वास्नी छैनन् भने जाऊ र बिहे गर ।

लोग्नेमान्छे : कुनै नियम र शर्तमा बाँधिएर वा बाचा खाएर आएको माया मैले खोजेको माया होइन । लोग्नेले स्वास्नीलाई गरेको माया त जागीरेले पैसालाई गरेको माया भन्दा बढ्ता होइन । तिमी यो बिहे शब्दमा किन यति फसेकी ? (पराजुली, पृ.१३८-१३९) ।

माथिको संवादमा सहभागीका बिचमा खण्डन र क्रिया प्रतिक्रियामार्फत् कथनमा निकटता आएको छ । लोग्नेमान्छे सहभागीले संसारलाई बिहेको जग्गे मात्र नठान्न आइमाईलाई अनुरोध गर्दा हामीले पनि संसारलाई माया गर्न जानेका छौं तिमीले सिकाउनु पर्दैन भन्ने आशयको जवाफ दिएकी छ ।जसबाट अत्यन्त निकटको अभिव्यक्तिगत सामर्थ्य नभए पनि दुई सहभागी संवादलाई निरन्तरता दिन तत्पर छन् भन्ने अवस्था आएको छ । संसार भनेको म हुँ ,मलाई माया गर भन्दा आइमाईले आफ्नै स्वास्नीलाई गएर सोध्न र स्वास्नी नभए बिहे गर्न सल्लाह दिनुले दुवै पक्ष संवादमा उदासीन छैनन् भन्ने देखाउँछ ।

**६. निष्कर्ष**

प्रस्तुत लेख *गोलार्द्धका दुई छेउ* एकाङ्कीमा संवाद विश्लेषण मुख्य समस्याकेन्द्री रहेको छ ।यसमा अन्तरक्रियाका लागि लोग्नेमान्छे र आइमाई गरी दुई मात्र सहभागी उपस्थित भएका छन् । साहित्यिक संवाद रहेको यस एकाङ्कीमा संवादका संरचक अवयवहरूको पालना भएको छ । भाषिक प्रकार्य मानिने संकथन संरचनामा संवादले सन्दर्भ,अर्थ,संरचना र प्रकार्यको बारेमा स्पष्ट पार्दछ । साहित्यिक संकथनमा संवाद विश्लेषणले सहभागीबीच हुने अन्तर्क्रियालाई आधार मानी विषयको व्यवस्थापन गर्दछ । सहभागीका बीचमा पारस्परिक सम्झौता भई वक्ताको आशय र अभिप्रायलाई श्रोताले सुन्दै जाने र त्यसमा आफ्नो सहमति वा असहमतिको धारणा बनाउँदै जाने प्रक्रियाको यहाँ पालना भएको छ ।अन्तरक्रियाका क्रममा सहभागीका बिच तर्क वितर्क भई प्रकारान्तरबाट आशय बुझेर अर्थनिर्धारण पनि भएको छ । एकाङ्कीको संवादलाई उद्देश्यमूलक र परिणाममुखी बनाउन सहज प्रकृतिको संवादात्मक सहकार्यको निर्वाह पनि सहभागीबाट भएको छ ।संवादमा सहभागी बनेका लोग्नेमान्छे र आइमाईको पालो ग्रहण प्रष्ट रूपमा आएको छ । संवादलाई गति दिनका लागि एउटा सहभागीको अभिव्यक्ति आइसकेपछि निश्चित अन्तरालमा अर्को सहभागीको अभिव्यक्ति प्रकट भएको छ । संवादमा संलग्न सहभागीमध्ये लोग्नेमान्छे सहभागीले विषयको व्यवस्थापन गरी नेतृत्व लिएको छ । अन्तरक्रियाका क्रममा मुख्य विचारलाई उठान गरी उसले संवादमा सक्रिय सहभागीको भूमिका निर्वाह गरेको छ ।उसले उठान गरेको विषयमा आइमाई सहभागीले प्रतिवाद गरेको अवस्थामा पनि ऊ तर्कद्वारा संवादलाई निरन्तरता दिन सक्षम भएको छ । एकाङ्कीको संवादमा सहभागीले प्रयोग गरेको अभिव्यक्तिमा पनि सामीप्यता छ । विचारलाई निरन्तरता दिई सहभागीले संवादलाई परिणाममुखी बनाएका छन् । सहभागीका बिच खण्डन, क्रिया, प्रतिक्रिया, तर्क, वितर्कका माध्यमबाट कथन युग्म निर्धारण भएको छ ।

## सन्दर्भ सामग्रीसूची


आचार्य, व्रतराज (२०६८)."वाक्क्रिया सिद्धान्त र साहित्य", *रत्न बृहत् नेपाली समालोचना* सैद्धान्तिक खण्ड, सम्पा.राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम, रत्न पुस्तक भण्डार, पृ.५४२-५६९ ।

पराजुली, गोपाल (२०५५)."गोलार्द्धका दुई छेउ",*नेपाली एकाङ्की भाग २,* (सम्पा.) केशवप्रसाद उपाध्याय, गोपीकृष्ण शर्मा र भिक्टर प्रधान, साझा प्रकाशन ।

गौतम, देवीप्रसाद (२०६८)."गीति संरचनाको सङ्कथन विश्लेषण", *रत्न बृहत् नेपाली समालोचना* प्रायोगिक खण्ड, सम्पा.राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम,: रत्न पुस्तक भण्डार,पृ.४७२-४८१ ।

गौतम, देवीप्रसाद (२०६९)."संवाद संरचना" *प्राज्ञिक संसार,* पूर्णाङ्क ३, पृ.४८-५४ ।

घिमिरे, वासुदेव (२०६९). *सङ्कथन विश्लेषण :परिचय र पद्धति,* इन्टेलेक्चुअल्ज बुक प्यालेस ।

Coulthard, Malcolm (2007). *An introduction to Discourse Analysis*, Academy Press.

Flowerdew, John (2013). *Discourse in English Language Education*, Taylor and Francis group.

Halliday M.A.K. and Christian M.I.M. Mathhiessen (2004). *An Introduction to Educational Grammar* (3rd ed.), Holder Arnold.

McCarthy, Michael (1991). *Discourse Analysis for Language Teachers*, Cambridge University Press.